**22 NEP 2(v)/17**

# 2017

# NEPALI

**(Modern Indian Language)**

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours and *Fifteen Minutes**

***(*15 minutes are given as extra time for reading questions)***

सोधिएका प्रश्नहरूको उत्तर आफ्नै शब्दमा लेख ।

प्रश्न संख्या **1** देखि **5** सम्मका प्रश्नहरूको सहि उत्तर दिएका विकल्पहरूबाट चुनेर फेरि लेख :

1. आफ्नु दृष्टिलाई कसरी दोषी मानिन्छ ? 1

   (क) माता–पिताका वचन दोषी मानेर,

   (ख) ऋषि मुनिहरूको वेद दोषी मानेर,

   (ग) सारा सृष्टि दोषी मानेर,

   (घ) यी सबै दोषहरू मानेर।

2. 'मुकुन्द इन्दिरा' कसले लेखेका हुन् ? 1

   (क) बालकृष्ण सम

   (ख) गोपाल प्रसाद रिमाल

   (ग) इन्द्र बा० राई

   (घ) लील बा० छेत्री।

3. जन्तिहरू कति बजे निस्कियो ? 1

(क) चार बजे।

(ख) छ बजे।

(ग) सात बजे।

(घ) आठ बजे।

4. क्रय-विक्रय सम्बन्धि लेखिने पत्र लाई — 1

(क) व्यक्तिगत पत्र भनिन्छ।

(ख) व्यापारिक पत्र भनिन्छ।

(ग) दफ्तरी पत्र भनिन्छ।

(घ) सामाजिक पत्र भनिन्छ।

5. कविताको सौन्दर्य बढ़ाउने शद्बलाई — 1

(क) अलंकार भनिन्छ।

(ख) उपमा भनिन्छ।

(ग) अनुप्रास भनिन्छ।

(घ) रूपक भनिन्छ।

प्रश्न संख्या **6** देखि **25** सम्मका प्रश्नोत्तर एउटै शब्द वा वाक्यमा लेख :

6. संचार सुनाई दिए बापत पीकलाई कति वर्ष जीउने कामना गरिएको छ ? 1

7. कविता 'सत्य सन्देश' अर्न्तगत केको टुङ्गोलाग्दा मन हलुँगो हुन्छ ? 1

8. कवि अनिरूद्ध गौतमले आसलाई विश्वासमा परिणत गर्न हामीलाई के चाहिएको छ भन्नु हुन्छ ? 1

9. सानुबाबु शशिकहाँ घरी घरी किन गई रहन्थ्यो ? 1

10. इन्द्रबहादूर राई द्वारा रचित एउटा गद्यको नाम लेख। 1

11. नेपाली साहित्यको इतिहासमा कसलाई सर्वश्रेष्ठ पुरूष मानिएको छ ? 1

12. गोपाल प्रसाद रिमालका नाटक विशेषत: कस्ता किसिमका हुन्छन् ? 1

13. कटक बहादूरले अर्को विहा किन गर्नु पर्‌यो ? 1

14. आसामको लेखापानी आईपुग्न जयमायाहरूलाई कति दिन हिड्नु पर्‌यो ? 1

15. नाति मानवकुमार एक्कासी अन्तर्ध्यान भएर चुपचापै किन गायब भयो ? 1

16. ठिटाहरूबीच के कुराको खूब चर्चा भईरहेथ्यो ? 1

17. पत्रहरूको रूप मध्ये सामाजिक पत्रको श्रेणीमा नपर्ने पत्र कुन हो ? 1

18. 'भवदीय' कस्तो पत्रको अन्तमा लेखिन्छ ? 1

19. 'गाय' विषय लेखिएको निबन्ध रचनालाई के निबन्ध रचना भनिन्छ ? 1

20. चार सगण हुने छन्दलाई के भनिन्छ ? 1

21. शालिनी छन्दमा कति 'तगण' हुन्छ ? 1

22. अतिशयोक्ति अलंकारले के अर्थ बुझाउँछ ? 1

23. जुन छन्दमा एउटा लघु र एउटा गुरू हुन्छ त्यसलाई के छन्द भनिन्छ ? 1

24. एक शब्दले अनेक अर्थ बुझाउने कुन अलंकार भनेर चिनिन्छ ? 1

25. उपमा के अलंकार हो ? 1

प्रश्न संख्या **26** देखि **29** सम्मका प्रश्नोत्तर संक्षेपमा लेख :

26. 'नाच्न जान्दैन आँगन टेढ़ो'—को अर्थ विस्तार गर। 2

27. भाव र शैली कवितामा कतिको आवश्यक पर्छ ? लेख। 2

28. एच० आई० भी० कीटाणु कति कारणहरूले फैलिन सक्छ, लेख। 2

29. रूपक अलंकारको उदाहरणसहित लक्षण बताऊ ? 2

प्रश्न संख्या **30** देखि **38** सम्मका प्रश्नोत्तर संक्षेपमानै देऊ :

30. अवधि साह्रै छोटो हुनाले
मरिमेटी केही नगरौं
भन्ने पनि दुःख-सुख भोग्दै
उसतै गतिले मर्दैछन्।
तर यस संसारमा आज हामी जे जति पाउँछौं
गरेर मर्नेहरूकै प्रेम
कृतकार्य भई बाचेको हो।
— 'कर्म' कविताबाट उद्घृत यस पद्यांशको भावार्थ लेख। 3

31. गंगा र शेखरको प्रेममा कसले, कसरी बाधा
पुरायो र कसले सहयोग पुरायो, लेख। 3

32. 'माग' एकांकीबाट मन्जुबारे जानेजति कुराहरू आफ्नै शब्दमा लेख। 3

33. बालकृष्ण समले लेखेका प्रकाशित नाटकहरू के–के हुन जम्मै लेख। 3

34. लील बहादूर छेत्रीका साहित्यिक उपलब्धिहरू लेख। 3

35. भानुभक्तले कुन बेला रामायण लेख्ने विचार गरेका थिए ? 3

36. नियमनुसार एउटा दफ्तरी पत्र लेख। पत्रको अन्तमा या कुनै भागका आफ्नो नाउ र रोल नम्बर नलेख्नु होला। 3

37. निम्नलिखित उखान र तुक्काहरूको अर्थ वाक्य द्वारा खुलस्त पार।
अकाशको फल आँखा तरी मर् ; आँखा लोभी मन पापी ; कालो अक्षर भैंसी बराबर। 3

38. अनुप्रास अलंकार भन्नाले के बुझिन्छ ? उदाहरणसहित लक्षण बताऊ। 3

प्रश्न संख्या **39** देखि **43** सम्मका प्रश्नोत्तर विस्तारपूर्वक लेख :

39. 'पीकदूत' अथवा 'सास छ आस छ' कविताको सारांश लेख। 8

40. 'यो प्रेम' नाटकमा शेखरको भूमिका र चरित्र बारे लेख। 8

41. 'मेरो एउटा नागा हुकी' कथाको आधारमा मानव कुमारको चरित्र चित्रण गर। 8

***अथवा***

ताख्खे नागाको चरित्र चित्रण गर।

42. ***कुनै एक*** विषय चुनेर नेपालीमा निबन्ध लेख : 8

(क) स्वदेशप्रेम।

(ख) पुस्तकालय।

(ग) विद्यार्थी जीवन।

43. दिएको रूपरेखाको आधारमा ***एउटा*** छोटो कथाको रचना गर। 8

एउटा बुढ़ो किसान — चार छोराहरू —एकाअर्कामा राम्रो सम्बन्ध थिएन — बुढ़ाले मेल — मिलापसंग बस्न सम्झायो — अन्तिम सल्लाह दिने उद्देश्यले एक — एकवटा सिन्का दिएर भाँच्न लगायो — सबैले सजिलैसित भाँचे — फेरिमूठा पोरर भाँच्न लगायो— तर असफल भए।

---